नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्रोत परिचालन समन्वय शाखा)

फोन नं

फयाक्स

पत्र संख्याः२०७४।७५

चलानी नं: २१

मिति: २०७५।६।१८

श्री सबै स्थानीय तह(७५३) ।

विषय: जीवजन्तु कर सम्बन्धमा ।

प्रस्तुत विषयमा देशका विभिन्न जिल्लाहरुबाट खरीद गरी ल्याइएका खसी, बोकालाई बाटोमा पर्ने नगरपालिका (चन्द्रागिरी नगरपालिका) ले राष्ट्रिय राजमार्गमा बसी कर लिइरहेकोले त्यस प्रकारको गैर कानूनी कार्य बन्द गराईपाउँ भनी मिति २०७५।४।३० मा चौपाया खरीद बिक्री सेवा संघले यस मन्त्रालयमा पेश गरेको निवेदन उपर निर्णयका लागि पेश हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ म भएको व्यवस्था अनुरुप जीवजन्तु र चौपायाको व्यापार व्यवसाय गर्ने व्यवसायीबाट व्यवसाय कर वा हाटबजारमा खरीद बिक्री भएको अवस्थामा वाहेक अन्य कुनै किसिमको कर, शुल्क आदि उठाउन नमिल्ने र यस्तो रकम राजमार्गमा ढाट वा तगारो राखी असुल गर्न तथा विदेशबाट निकासी हुने चौपाया वा जीवजन्तुमा समेत राजमार्गमा ढाट वा तगारो राखी कर असुल उपर गर्ने कार्य कानून सम्मत नहुने भएकोले तत्काल बन्द गर्न लेखी पठाउने गरी यस मन्त्रालयको (सचिवस्तर) बाट मिति २०७५।६।१४ मा निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

२०७५।६।१८

दिनेश प्रसाद थानी
शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा, Website मा राखीदिनुहुन ।